मध्यनेपाल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भोर्लेटार, लमजुङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः-२०७७/७८

चलानी नं:- (शिक्षा)

फोन नं: ०६६-४१०१५२

मितिः २०७७ मङ्सिर २८

विषयः विशेषज्ञ / विषय विज्ञमा सूचीकृत हुनेसम्बन्धी म्याद थप गरिएको सूचना ।

प्रस्तुत विषयमा यस नगरपालिकाअन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा रिक्त दरबन्दी तथा राहत अनुदान कोटामा नियमानुसार शिक्षक र प्रधानाध्यापकको नियुक्तिका लागि छनोट समितिमा रही कार्य गर्न इच्छुक तपसिलबमोजिमका योग्यता पुगेका शिक्षकहररुबाट मिति २०७७ मङ्सिर २८ गतेसम्मका लागि निवेदन पेश गर्ने सूचना गरिएकोमा कोभिड-१९ को कारण निवेदन दिने म्याद मिति २०७७ पुस ५ गतेसम्म थप गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

आधारभूत तह (१-५ र ६-८) का लागि

- शिक्षाशास्त्रमा स्नातक गरेको ।
- सम्बन्धित तह/विषयमा स्थायी भई कम्तीमा ५ वर्ष सेवा गरेको ।

माध्यमिक तह (९–१२) का लागि

- शिक्षाशास्त्रमा स्नातकोत्तर वा सम्बन्धित विषयमा स्नाकोत्तर गरी शिक्षाशास्त्रमा स्नातक गरेको ।
- माध्यमिक तहको सम्बन्धित विषयमा स्थायी भई कम्तीमा ५ वर्ष सेवा गरेको ।

नोटः

५. माध्यमिक तह (९-१०)को विज्ञान विषयको हकमा विज्ञान विषयमा स्नातक गरी अन्य विषयमा स्नातकोत्तर गरेकोलाई समेत योग्य मानिनेछ ।

६. आधारभूत तहको लागि रु पाँच सय र माध्यमिक तहको लागि रु एक हजार सूचीकृत हुन निवेदन दस्तुर लाग्नेछ ।

७. माथिल्लो तहमा सूचीकृत हुने विशेषज्ञहरू तल्लो तहको लागि समेत विशेषज्ञ भई काम गर्न चाहेमा निवेदनमा सो व्यहोरा खुलाउनु पर्नेछ।

८. सूचीकृत हुन चाहेको तह र विषयको लागि एक एक प्रति प्रश्नपत्र (उत्तर कुञ्जिकासमेत) शिक्षक सेवा आयोगले खुल्ला प्रतियोगितात्मक परीक्षाको लागि तोकेको पाठ्यक्रम र विशिष्टीकरण तालिकाबमोजिम निर्माण गरी पेश गर्नु पर्नेछ।

२०७७।८।२८

नि.प्रमुख प्रशासकीय अधिकृत